## महाकुलुङ गाउँपालिकाको कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

प्रस्तावना:

महाकुलुङ गाउँपलिका क्षेत्र भित्रको कृषि तथा पशुपालन पेशाको आधुनिकीकरण तथा व्यवसायीकरण गर्न, कृषि तथा पशुपालन सम्बन्धी उत्पादनको व्यवस्थापन, व्यवसायको प्रवर्द्धन तथा स्वस्थ मूल्य श्रृङ्खला स्थापित गर्न, बाली तथा पशुका स्थनीय प्रजातिको संरक्षण एव प्रवर्द्धन गर्न साथै गाउँपालिका क्षेत्रलाई क्रमश: विषादीरहीत बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले महाकुलुङ गाउँपालिकाको गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम " महाकुलुङ गाउँपालिकाको कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन ऐन, २०७५ " रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ख) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले गठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(ग) "कार्यपालिका" भन्नाले महाकुलुङ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "कोष" भन्नाले यस ऐनको दफा १३ बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ ।

(ङ) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि तथा पशुपालन गर्ने कृषक, कृषक समूह, व्यवसायी, कृषि तथा पशु फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(च) "कृषि" भन्नाले अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषि तथा पशुपालनलाई समेत जनाउँछ ।

(छ) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची १ बमोजिमका वाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

(ज) "कृषि वजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(झ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(ञ) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ट) "खुद्रा बजार" भन्नाले कुनै बिक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(ठ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाईसम्झनु पर्छ ।

(ढ) "गाउँपालिका" भन्नाले महाकुलुङ गाउँपालिका सम्झनु पर्छ ।

(ण) "अध्यक्ष" भन्नाले महाकुलुङ गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाकुलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(द) "पशुपालन" भन्नाले कृषकले पशु चौपाया वा पंक्षी वा मत्स्यपालन समेतको व्यवस्थित तरिकाले गर्ने उत्पादन तथा व्यवस्थापनको कार्यलाई सम्झनु पर्छ ।

(ध) "पशु व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने पशुपंक्षीको पालन पोषण तथा व्यवस्थापन,

(२) पशुपन्छी उत्पादन सामग्री तथा पशुपंक्षीजन्य वस्तुको प्रशोधन,

(३) पशुपंक्षी उपजको व्यापार

(४) पशुपंक्षी व्यवसायका लागि आवश्यक पर्ने दाना तथा आहाराको उत्पादन, भण्डारण तथा वितरण,

(६) घाँस खेती र गाउँपालिका स्तरीय घाँस स्रोत केन्द्रको स्थापना

(७) पशुपंक्षी व्यवसायका लागि आवश्यक पर्ने नश्ल र भुराको उत्पादन, संरक्षण, परामर्श सेवा, भण्डारण तथा वितरण,

(८) पशुपंक्षी एवं माछाजन्य पेशाका लागि आवश्यक पर्ने औषधि उत्पादन, परामर्श, भण्डारण तथा बिकी व्यवसाय ।

(९) स्थानीय वातावरण सुहाउँदो जातको माछापालन (ट्राउट, वा कार्प)

(१०) गाउँपालिका स्तरीय कृषि, पशुपन्छी अध्ययन तथा स्रोत केन्द्र विकास

(न) "पशु फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि चौपाया, पंक्षी तथा माछापालन फार्म समेतलाई सम्झनु पर्छ ।

(प) "पशु बजार" भन्नाले कृषकले पशु चौपाया वा पंक्षी वा माछाको व्यवस्थित तरिकाले गर्ने बिक्री वितरणका लागि सञ्चालन गरिने हाट बजार वा नगरपालिकाले तोकेको क्षेत्रमा सञ्चालित पसललाई सम्झनु पर्छ ।

(थ) "बिक्रेता" भन्नाले कृषि तथा पशु र यससँग सम्वद्ध वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि तथा पशुपंछीको क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(ध) "व्यवसायिक कृषि वा पशु करार" भन्नाले व्यवसायिक कृषि खेती वा पशुपंछी पालन, कृषि वा पशुपंछी फार्मको सञ्चालन, कृषिजन्य वा पशुपंछीको व्यावसायिक उत्पादन, खरिद, बिक्री, सञ्चय र बजारीकरण गर्न, कृषि वा पशुपंछी व्यवसाय प्रवर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु बीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक कृषि गर्न वा पशुपंछी पालन प्रयोजनको लागि व्यक्तिगत वासंस्थागत रुपमा लिजमा लिन दिन, कृषिजन्य पशुपंछीजन्य उद्योगको लागि कृषि वस्तु र वाली वा पशुपंछीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(न) "वडा" भन्नाले महाकुलुङ गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(प) "समिति" भन्नाले यस ऐनको दफा १३ बमोजिम गठन भएको गाउँपालिका कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(फ) "सभा" भन्नाले महाकुलुङ गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ब) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा बिक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर बिक्रेतालाई बिक्री गर्नेसंकलन केन्द्रलाई सम्झनु पर्छ ।

(भ) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृति लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## कृषि तथा पशुपंछी बजारसम्बन्धी व्यवस्था

३ कृषि बजारको स्थापना: (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि तथा पशुपन्छी बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(३) कृषि बजारको स्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

४. **कृषि बजारको वर्गीकरण** :(१) यस ऐनको दफा ३बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरणदेहाय बमोजिमको हुनेछ :-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति**: (१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **पशु बधशालाको स्थापना** :(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पशुबधशाला स्थापना गर्न सक्नेछ ।

(२) पशुपंक्षी सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई पशु बधशालाको स्थापना गर्न सक्नेछ ।

(३) गाउँपालिकाले सहकारी वा व्यवसायिक संस्थासँग साझेदारीमा पशुबधशाला स्थापना गरी सञ्चालन गराउन सक्नेछ

७. **बधशाला तथा मासु निरिक्षकको नियूक्ती** : महाकुलुङ गाउँपालिकाले पशु बधशाला तथा मासु जांच गर्नका लागि पशु चिकित्सा बिषयमा कम्तिमा स्नातकको उपाधी हासिल गरेको व्यक्तिलाई निरिक्षकको रुपमा नियुक्ती गर्न वा गाउँपालिकामा कार्यारत पशु सेवा शाखाका कर्मचारीलाई तोक्न सक्नेछ ।

मासु निरिक्षकको काम कर्तब्य र अधिकार तोकिए बमेजिम हुनेछ ।

पशु बध गर्दा गाउँपालिकाले तोकेको मापडण्ड अनुसार निर्माण भएको पशु बधशालामा वा मासु निरिक्षकले तोकेको निश्चित ठाउँमा मात्र पशु बध गर्नु पर्नेछ । तर प्रचलित कानुन बमोजिम निषेध गरिएको दिनमा पशु बध गर्न पाईने छैन । माथि जुनसुकै कुरा लेखिएपनि चाडपर्व पूजापाठ वा अन्य धार्मिक कार्यको लागि अन्य ठाउँमा पशु बध गर्न रोकावट गर्ने छैन ।



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(घ) **मासु बध गर्नु अघि जचाउनु पर्नेः** कुनै पनि पशु बध गर्नु अघि पशु बधशाला स्थापना भएको क्षेत्रमा पशु बधशालामा र पशु बधशाला स्थापना नभएको क्षेत्रमा मासु निरिक्षकले तोकेको स्थानमा बध गर्ने पशुको अनिबार्य जांच गराउनु पर्नेछ । बध गर्ने पशु जांच गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ङ) **बध गरिएको पशुको मासु जांच गर्नुपर्नेः** उपदफा ५ र ६ बमोजिम बध गरिएको पशुको मासु मासु निरिक्षकले तेकिएबमोजिम जांच गर्नु पर्नेछ । मासु जांच गर्दा मासुमा केही खराबी वा रोग संक्रमण भएको चिन्ह वा छाप (लिजन) देखिएमा त्यस्तो मासु आंशिक वा पूर्ण रुपमा बिक्रि वितरणको लागि निषेध गर्न सक्नेछ ।

(च) **पशु, पशुजन्य पदार्थ निकासीको लागि अनुमति दिन सक्नेः** व्यबसायिक प्रयोजनको लागि पशु, पशुजन्य पदार्थ (दूध, फुल मासु) आवश्यक बिशेषज्ञ जाच गरी स्वास्थ्य गुणस्तर रहेको खण्डमा एक ठाँउबाट अर्को ठाउमा निकासी गर्न अनुमति दिन सक्नेछ । तर निकासी गर्दा निकासी कर्ताले गाउँपालिकाले तोकेको दस्तुर तिर्नपर्नेछ ।

पशु बधशाला सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) **पशु बधुशाला सञ्चालन तथा व्यवस्थापन समिति** :(१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको पशु बधशालाको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि एक पशु बधशाला सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(२) पशु बधशाला सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

सागर तिवारी
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

## परिच्छेद ३

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

७. **गाउँपलिका कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन समिति:** (१) कृषि एवं पशुपालन क्षेत्रको समग्र विकास तथा कृषि व्यवसाय समेतको प्रवर्द्धन लगायतका कार्य गर्न कार्यपालिकालाई नीतिगत सुझाव दिन तथा स्वीकृत नीति कार्यान्वयन गर्नएक गाउँ कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य – सदस्य

(ग) अध्यक्षले तोकेका एक दलित तथा एक महिला सहित कार्यपालिकाका दुई सदस्य – सदस्य

(घ) कृषि तथा पशुपालन सम्वन्धी गाउँपालिका स्तरीय सहकारीका सञ्चालक मध्ये प्रमुखले तोकेको एक जना सदस्य – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) समितिले मनोनयन गरेको विषय विज्ञ एक जना – सदस्य

(ङ) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना – सदस्य

(ज) गाउँपालिकाको कृषि/पशपन्छी शाखा प्रमुख – सदस्य सचिव

(३) समितिलेसम्वन्धित क्षेत्रको विषयविज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकामा रहनेछ ।

८. **गाउँपालिका कृषि तथा पशुपंछी प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक नगर कृषि तथा पशुपंछी प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(क) गाउँपालिका क्षेत्रमा कृषिएवं पशुपालन व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना प्रस्ताव गर्ने,

(ख) कृषि तथा पशुपालनलाई मानव स्वास्थ्य अनुकूल व्यवसायिक रुपमा प्रवर्द्धन गर्न आवश्यक योजना तथा सांगठनिक संरचनाको प्रस्ताव तयार गर्ने,

(ग) कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम, बजेट तथा संरचनाको ढाँचा प्रस्ताव गर्ने,

(घ) कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक प्रवर्द्धनात्मक कार्यहरु पहिचान गरी प्रस्ताव गर्ने,

(ङ) कृषि तथा पशुपालन व्यवसाय सम्बन्धी योजनाको अनुगमन गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

९. **वडा कृषि तथा पशुपंछी व्यबसाय प्रवर्द्धन समिति** :(१) कृषि एवं पशुपालन क्षेत्रमा भएकासम्भावनालाई योजना प्रकृयामा लैजान र स्वीकृत योजनालाई कृषक समूह परिचालनका माध्यमबाटकार्यान्वयन गर्न प्रत्येक वडामा एक वडाकृषि तथा पशुपालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

(क) वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिका सदस्य ४ जना – सदस्य

(ग) वडास्तरीय कृषि तथा पशुपालन सहकारी मध्येबाट वडा अध्यक्षले तोकेका प्रतिनिधि २ जना - सदस्य

(ङ) वडा सचिव – सदस्य सचिव

(३) समितिले अगुवा कृषक तथा पशुपालकलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको सचिवालय वडा कार्यालयमा रहनेछ ।

१०. **वडा कृषि तथा पशुपंछी प्रर्वर्द्धन समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि बाहेक वडा कृषि तथा पशुपंछी प्रवर्द्धनसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका क्षेत्रमा कृषि एवं पशुपालन व्यवसाय प्रवर्द्धन गर्न आवश्यक योजनाको पहिचान गरी गाउँपालिकाको योजना तर्जुमा प्रकृयामा लैजाने,



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(ख) गाउँपालिका बाट स्वीकृत वार्षिक योजना कार्यान्वयनका लागि वडामा कृषक सहभागिता अभिवृद्धि गराउने,

(ग) वडामा सञ्चालित गाउँपालिका तथा गैर सरकारी संघ संस्थाबाट सञ्चालित कृषि तथा पशुपालनसँग सम्बन्धित योजनाहरुको अनुगमन गर्ने,

(घ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

११. **कृषि तथा पशुपालन व्यवसायलाई सुविधा दिइने:-** (१) कार्यपालिकाले कृषि तथा पशु व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर एवं निकासी शुल्क,

(ख) कृषि तथा पशु व्यवसाय प्रवर्द्धन गर्न आवश्यक अनुदान ।

(२)उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३)उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## कृषि तथा पशुपालन व्यवसाय कोषको स्थापना तथा सञ्चालन

१२. **कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको स्थापना** : (१) कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धनका लागि गाउँपालिकामा एक छुट्टै कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिका बाट प्राप्त रकम,

(ग) नेपाल सरकार मार्फत विदेशी सरकार तथा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

१३. **कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन** : (१)दफा १२ बमोजिम स्थापना भएको कोषबाट देहायका कार्य गर्न सकिनेछ ।

(क) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न,

(ख) कृषि तथा पशु उत्पादनको बजार प्रवर्द्धन गर्न,

(ग) कृषि तथा पशुसेवा सम्बन्धी प्राविधिक उत्पादन गर्न,



सागर तिमल्सीना
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(घ) जैविक खेतीको विस्तार तथा प्रवर्द्धन गर्ने,

(ङ) स्थानीय नश्लका पशुपंक्षीको संरक्षण र विस्तार गर्न,

(च) कृत्रिम गर्भाधानद्वारा उन्नत नश्लको विकास र विस्तार गर्न,

(छ) माटो परीक्षण तथा उत्पादकत्व संरक्षण गर्न,

(ज) कृषि तथा पशुपंक्षी क्वारेन्टाईनको चेकपोष्ट स्थापना गरी सञ्चालन गर्न,

(झ) कृषि तथा पशुपालन क्षेत्रमा अध्ययन, अनुसन्धान तथा स्रोत केन्द्र स्थापना गर्न ।

(ञ) बाली तथा पशुपंक्षी बीमाप्रवर्द्धन तथा विस्तार गर्न,

(ट) कृषि तथा पशुपालन क्षेत्रमा आवश्यक अनुदान उपलब्ध गराउन,

(ठ) व्यवस्थित कृषि बजार तथा पशुवधशाला निर्माण गर्न,

(ड) कृषि तथा पशुपालन सम्बन्धी तालिम तथा शिक्षा विस्तार गर्न,

(ढ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न,

(ण) तोकिएका अन्य कार्य गर्न ।

(२) गाउँपालिका कृषि तथा पशुपालन सम्बन्धी वार्षिक कार्यक्रम कोष मार्फत सञ्चालन हुनेछ ।

(३) कोषमा रहेको रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ

(४) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा कृषि तथा पशुपन्छी सेवा शाखा प्रमूख र कार्यालयको लेखा प्रमुख वा निजले तोकेकों अधिकृतस्तरको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(५)कोषको सचिवालय गाउँपालिको कृषि तथा पशुपन्छी पशुपन्छी सेवा शाखामा रहनेछ ।

(४)कोषको सञ्चालन सम्बन्धी कार्यविधि तोकिएं बमोजिम हुनेछ ।

१४. **कोषको लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

१५. कृषि तथा पशुपंछी ऋण: (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिमकृषि तथा पशुपंछी ऋण उपलब्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावसायिक कृषि तथा पशुपंछी करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा

स्वीकार गरी कुनै बैंक वा वितीय संस्थाले उपदफा (२) बमोजिमको ऋण उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

## परिच्छेद ५

## व्यवसायिक कृषि तथा पशुपंछी व्यवसाय करार

१६. **व्यवसायिक कृषि पशुपंछी सम्बन्धी करार गर्न सकिने** : (१) यस ऐन बमोजिम कृषि तथा पशुपंछी व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१७. **जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने**: कुनै व्यक्ति,संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति वा सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

१८. **जग्गा तथा भौतिक साधन माग गर्न सक्ने**: (१) कुनै कृषक वा कृषिव्यवसायीले व्यावसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १८ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति वा सहकारीले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ ।

(३) जग्गातथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन बाँझो राख्ने त्यस्तो जमीनको स्वामित्व रहेको व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति वा सहकारीलाई गाउँपालिकाले पहिलो पटक भए तोकिए बमोजिमको मालपोत वा एकिकृत सम्पत्ति करको सतप्रतिशत त्यसपछि प्रत्येक पटक दुइ गुनाले हुने रकम बराबर जरिवाना लगाउन सक्नेछ ।

सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

१९. <u>स्वामित्व हस्तान्तरण नहुने</u>: यस ऐनको दफा १९ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार, गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

२०. <u>पुनःकरार गर्न नहुने</u> : यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही विषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैन ।

२१. <u>व्यवसायिक कृषि तथा पशुपंछी करारका विषयवस्तुहरू</u> : (१) यस ऐन बमोजिम कृषि तथा पशुपंछी करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यवसायिक कृषि तथा पशुपंछी करारमा समावेश गर्न सकिनेछ ।

२२. <u>व्यवसायिक कृषि तथा पशुपंछी करारका पक्षहरूको दायित्व</u> : (१) यस ऐनको दफा १९, २० र २१ बमोजिम कृषि तथा पशुपंछी व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा यस ऐनमा उल्लेख भएको अतिरिक्त पक्षहरूको दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा यस ऐनमा उल्लेख भएको अतिरिक्त पक्षहरूको दायित्व करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि तथा पशुपंछी करार गर्ने पक्षहरूले करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता तोकिएका शर्तहरूको आधारमा आफैं वा वित्तीय संस्थाहरू मार्फत उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

२३. <u>करार पूरा गर्नु पर्ने समय र तरिका</u>: (१)करार सम्झौता गर्दा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा सोही समयभित्र करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही ससयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(२) उपदफा (१) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

२४. करार पूरा गर्ने स्थान: (१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

२५. करार पूरा गर्नु नपर्ने अवस्था: देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भै करारको परिचालना गर्न असम्भव भएमा।

२६. करार दर्ता गर्नु पर्ने : (१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले पैंतिस दिनभित्र गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउँपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(५) उपदफा (१) बमोजिमको कृषि करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।

(६) गाउँपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि वा पशुपंछी व्यवसाय प्रवर्द्धन करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेशदिन सक्नेछ ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि दर्ता गर्ने अधिकारी भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी सम्झनु पर्दछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

सागर थिंगराली
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

## परिच्छेद ६

## विवाद समाधान

२७. **विवादको समाधान** : (१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी वार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निवेदन दिनु पर्नेछ ।

(३)उपदफा (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय न्यायिक समितिले साठी दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुंगो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुंगो उपर चित्त नबुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, गाउँपालिका वा वडाका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका विषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्बन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्बन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११)बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्वन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा करार गर्ने पक्षहरूबाट लिन सक्नेछन् ।

३८. न्याद सम्बन्धमा : यस ऐन बमोजिमको विवादमा पक्षको काबु बाहिरको परिस्थिति परी यस ऐनको दफा ३८ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

३९. मध्यस्थता समितिको निर्णयको कार्यान्वयन :(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा मध्यस्थता समितिले त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्वन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्वन्धी बिषयमा यस ऐनमा उल्लेखित बिषयका हकमा सोही ऐन बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

## परिच्छेद ७

## विविध

३०. **व्यवसाय दर्ता गर्नु पर्ने** : (१) गाउँपालिका क्षेत्रभित्र व्यवसायिक रुपमा कृषि वा पशुपालन व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषक समूह, कृषि सहकारी वा कृषि फार्मले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले गर्नेछ ।

(३) व्यवसाय दर्ता गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी मापदण्ड अनुसूची- ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३१. **पेशा दर्ता गराउनु पर्ने** : (१) नगरपालिका क्षेत्रभित्र कृषि प्राविधिक वा पशु चिकित्सक वा पशुसेवा प्रदान गर्ने प्राविधिक भई कार्य गर्नेले गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।

(२) गाउँपालिकाले आवश्यक ठानेमा दर्ता भएका कृषि तथा पशुसेवा प्राविधिकको सेवा लिन सक्नेछ ।

(३) कृषि प्राविधिक वा पशु चिकित्सक वा पशुसेवा प्रदान गर्ने प्राविधिकको दर्ता तथा त्यस्ता प्राविधिकको सेवा लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

• तर यस्तो सेवा स्थायी प्रकृतिका कार्यका लागि नभई पटके कार्यका लागि मात्र लिइनेछ ।

३२. <u>बीमा सम्बन्धी व्यवस्था:</u> (१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि तथा पशुपंछीव्यवसाय वा उत्पादनको प्रचलित कानून बमोजिमको वीमा समितिले तोकेको प्रक्रिया पुरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको वीमा कम्पनीले वीमा गर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा बीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि तथा पशुपंछी करार सम्बन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्वन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनीले व्यावसायिक कृषि तथा पशुपंछी करारको वीमा गर्दा तिर्नु परेको क्षतिको अङ्क वरावर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

५) पशु तथा बाली वीमा गराउदा बिमा कम्पनीले गाउँपालिकाले तोकेको दस्तुर तिर्नुपर्नेछ ।

सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

३३. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था** : (१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु बाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षबीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

३४. **कसूर तथा दण्ड सजाय** : (१) कसैले यस ऐन बमोजिमे कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ,

(क) गाउँपालिकाको अनुमति बिना र गाउँपालिकाले तोकेको क्षेत्र बाहिर कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चीस हजार देखि पचास हजार रूपैयाँसम्म,

(ख) गाउँपालिकामा व्यवसाय दर्ता नगरी कृषि तथा पशुजन्य सामग्रीको व्यवसाय सञ्चालन गरेमा पच्चीस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ग) क्वारेण्टाईन जाँचबाट कुनै कृषि उपज वा पशुपंक्षी वा पशुपंक्षी उत्पादन मानव स्वास्थ्य प्रतिकूल देखिएमा जफत गरी नष्ट गरिनेछ र कसूरको मात्रा बमोजिम रु. पच्चीस हजार देखि रु. एक लाख सम्म जरिवाना तथा प्रचलित कानून बमोजिम थप सजाय हुनेमा सो समेत थप गरी सजाय हुनेछ ;

(घ) पशु बधशाला वा गाउँपालिकाले तोकेको बधस्थलमा पशु बध नगरेमा वा रोगी पशुको बध गरेमा १० हजार सम्म जरिवाना र रोगी पशु बध गरेको कारण त्यस्तो पशुको मासु उपभोग गरी कसैलाई रोग लागेको वा रोगबाट मृत्यु भएको प्रमाणित भएमा निश्चित अवधिसम्म कैदको सजाय हुन सक्नेछ ।

(घ) कृषि तथा पशुसेवा प्राविधिकले गाउँपालिकामा दर्ता नगराई व्यवसाय वा सेवा सञ्चालन गरेमा रु. एक हजार देखि रु. दश हजार सम्म जरिवाना हुनेछ ।

(ङ) मनासिव कारण वेगर दफा २७ को उपदफा (६) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै



सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पीच्चसहजार देखि पचासहजार रूपैयाँसम्म,

(च) दफा ३४ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिसहजारदेखि पचासहजार रूपैयाँसम्म ।

(छ) दफा ४० विपरित कार्य गर्ने वा त्यस्तो उद्योग गर्ने वा मतियारलाई संघ वा प्रदेश कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा भएकोमा त्यस्तो कार्यबाट परेको नोक्सान वा हानी भएकोमा सो बराबर असूल उपर गरिने र सोही परिमाणमा जरिवाना पनि गरिनेछ ।

(ज) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ । साथै त्यस्तो भराउँदा लागेको खर्च समेत निजबाट असूल उपर गरिनेछ ।

३७. कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी : (१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला न्यायधिवक्ताको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३८. पुनरावेदन : यस ऐनको दफा ३६ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धितजिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३९. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४०. वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने: (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।



सागर शिवाकोटी
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

## अनुसूची-१

दफा २ को खण्ड (छ) सँग सम्वन्धित

(१) खाद्यान्न बाली,

(२) बागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पूष्प

(३) पशु, पन्छी

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु,रबरखेती,टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्वद्ध उत्पादन र सो शव्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग.

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य वस्तहरु एवं नश्ल सुधार ।

(१५) पशु स्वास्थ्य तथा पशु सेवा

(१६) कृषि तथा पशु वीमा

सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

## अनुसूची २

### दफा २२ को उपदफा (१) सँग सम्वन्धित

(क) करारका पक्षहरू,

(ख) करार खेतीको क्षेत्र,

(ग) जग्गा र भौतिक साधन,

(घ) वस्तुको विवरण,मात्रा,

(ङ) गुणस्तर

(ङ) सम्झौताको अवधि,

(च) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,

(छ) भुक्तानीको प्रक्रिया

(ज) ढुवानीको दायित्व

(झ) उत्पादन प्रक्रिया

(ञ) अनुगमनका पक्षहरू

(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,

(ठ) गुणस्तर निर्धारणका आधारहरू

(ड) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,

(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।

(ण) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।

सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु

अनुसूची ३

## व्यवसायिक कृषि तथा पशुपालन मापदण्ड

दफा ३१ को उपदफा (४) सँग सम्बन्धित

(१) व्यवसायिक पशुपालन गर्नका व्यवसायिक पशुपालकका रुपमा सूचिकृत हुनका लागि उन्नत गोठ वा खोर सहित न्यूनतम देहाय मध्ये कुनै एक वा एक भन्दा बढी मापदण्ड पुरा गर्नु पर्नेछः

(क) उन्नत गाई पालन ३ देखि ५ संख्या

(ख) उन्न्त भैसी पालन २ देखि ४ संख्या

(ग) बाखा माउ बाखा पालन १० देखि ५० संख्या

(घ) भेडा पालन ५० देखि १०० संख्या

(ङ) बंगुर पालन २ माउ देखि ५ माउ

(च) कुखुरा पालन २०० देखि ३००० सम्मको संख्यामा लेयर्स, ब्रोइलर, गिरिराज कुखुरा

(छ) स्थानीय जातका कखुरा ५० माउ पोर्था १० भाले कुखुरा

(ज) १ रोपनी भन्दा बढी जग्गामा माछा पालन

(२) व्यवसायिक कृषकका रुपमा सूचिकृत हुनका लागि देहाय मध्ये कुनै एक वा एक भन्दा बढी न्यूनतम मापदण्ड पुरा गर्नु पर्नेछ :

(क) ५ रोपनीभन्दा बढी जग्गामा तरकारी खेती

(ख) २ रोपनी भन्दा बढी जग्गामा फलफूल खेती

(ग) १० वटाभन्दा बढी मौरीका घारहरु

(घ) १० रोपनी भन्दा बढी जग्गामा चिया वा कफी खेती

(ङ) १० रोपनी भन्दा बढी जग्गामा मसला जातको खेती

सागर किराती
अध्यक्ष
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु